स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





घिमिरे (पाँडे)को निर्देशनमा बनेको फिल्म "झरीपछिको इन्देणी" को व्यापार एक करोड रूपैयाँ नजिक पुगेको छ। पुस ४ गतेदेखि प्रदर्शनमा आएको फिल्मले सिनेपा: बक्सअफिसमा पछिल्लो शनिबार (पुस १९) सम्ममा ९३ लाख ८३ हजार ५१६ रूपैयाँ ग्रस कमाइ गरेको हो। चलचित्र विकास बोर्डले सोमबार फिल्मको बक्स अफिस विवरण सार्वजनिक गरेको हो।

आजको विचार...



समानुपातिक ...
(दुई पेजमा)

दिवाकर भुजेल

भुवन केसी उच्चारण, जन्म: २०१४ भदौ ७-नेपाली चलचित्र क्षेत्रका एक अभिनेता, निर्देशक, निर्माता तथा राजनीतिज्ञ हुन्। उनी २०७९ श्रावण १० गते चलचित्र विकास बोर्डको अध्यक्ष पनि भएका थिए। उनीलाइ नेपाली चलचित्रको सदबहार नायक भनेर पनि चिनिन्छ। उनले जुनि नामक चलचित्र बाट नेपाली रजतपट मा पदार्पण गरेका हुन।

❐ वर्ष ३१ अंक १६१ ❐ २०८२ पुस २३ गते बुधबार 7 January 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### प्रदर्शनमा ३५ को मृत्यु

(रासस/एपी)

**दुबई (संयुक्त अरब इमिरेट्स),** पुस २२ /इरानमा आर्थिक कठिनाइविरुद्ध भइरहेको विरोध प्रदर्शनका क्रममा भएको हिंसामा कम्तीमा ३५ जनाको मृत्यु भएको छ भने एक हजार २०० भन्दा बढीलाई हिरासतमा लिइएको मानव अधिकार कार्यकर्ताहरूले बताएका छन् । देशको धर्मतन्त्रले एउटा पश्चिमी प्रान्तमा अशान्तिलाई स्वीकार गरेपछि त्यहाँ सुरक्षा बलले एक अस्पतालमा छापा मारेको बताइएको छ ।

एक हप्ताभन्दा बढी समयदेखि जारी प्रदर्शनमा २९ जना प्रदर्शनकारी, चार बालबालिका र दुई जना सुरक्षा बलका सदस्यको ज्यान गएको बताइएको छ । देशका ३१ मध्ये २७ प्रान्तका २५० भन्दा बढी स्थानमा प्रदर्शन फैलिएको जनाइएको छ । इरानभित्रैको कार्यकर्ता सञ्जालमा आधारित रिपोर्टिङ यसअघि पनि विश्वसनीय ठहरिँदै आएको छ । अर्ध-आधिकारिक फार्स समाचार एजेन्सीका अनुसार झडपका क्रममा करिब २५० जना प्रहरी र रिभोलुसनरी गार्डका बासिज स्वयंसेवक बलका ४५ सदस्य घाइते भएका छन् । तर सरकारले मृतक र घाइतेको समग्र विवरण सार्वजनिक गरेको छैन । सोमबार राति इरानी राष्ट्रपति मसुद पेजेस्कियानले इलाम प्रान्तको घटनाबारे'पूर्ण अनुसन्धान' गर्न गृह मन्त्रालयलाई विशेष टोली गठन गर्न निर्देशन दिए ।

# स्ट्रबेरीखेती बिक्री गरेर एकवर्षमा २१ लाख आम्दानी

रासस

**घोराही (दाङ),** पुस २२/ अध्ययन र व्यवसाय मिलेपछि कैलालीका किसान दशरथ साउदको घोराहीमा रहेको स्ट्रबेरीखेती फस्टाएको छ । घोराही उपमहानगरपालिका-१५ भरतपुरमा रहेको उनको स्ट्रबेरीखेतीमा कपिलवस्तुका भाष्कर पंगेनीले साथ दिएका छन् । स्ट्रबेरीखेतीमा प्राविधिक पक्ष साउद आफैँले हेर्नछन् । चार वर्षअघिदेखि स्ट्रबेरीखेतीमा होमिनुभएका २७ वर्षीय उनले गत वर्षमात्र रु २१ लाखबराबरको स्ट्रबेरीको कारोबार भएको बताए ।

गत वर्ष आधाभन्दा बढी रकम त बचत नै भयो, यो वर्ष पनि दैनिक ७० किलोभन्दा बढी बिक्री भइरहेको छ । यस वर्ष झन् क्षेत्रफल बढेकाले कारोबार बढ्ने उनले उनले । उनका अनुसार यो वर्ष मङ्सिरबाट बेच्न सुरु गरेको र आम्दानी पनि राम्रो भइरहेको छ । एक किलोलाई सात सयका दरले बिक्री भइरहेको छ । उनले दुई बिघा जग्गा भाडामा लिएर स्ट्रबेरीखेती गरेका छन् । किसान



साउदले भने, "कृषि प्रविधिसँग सम्बन्धित विषय अध्ययन गरेपछि यसैमा केही गरौँ भन्ने सोचले कृषि फार्म स्थापना गरी स्ट्रबेरीखेती सुरु गरेको हुँ, अहिले यसैबाट राम्रो आम्दानी भइरहेको छ ।" परम्परागत कृषिमा प्रविधिको प्रयोगले सफलता मिलेको उनले बताए । उनले घोराहीमामात्र होइन, कपिलवस्तुमा १० कङ्गामा र कैलालीमा दुई बिघामा व्यावसायिक रूपमा स्ट्रबेरीखेती गर्दै आएका छन् ।

त्यसैगरी, घोराहीकै अर्का किसान वीरेन्द्र खड्काले पनि व्यावसायिक रूपमा स्ट्रबेरी (भुइँऐसेलु)को खेती गर्दै आएका छन् । आफ्नै देशमा केही गर्नुपर्छ भन्ने सोचका साथ उनले केही वर्षदेखि स्ट्रबेरीखेती गर्दै आएका हुन । उमेरले २८ वर्ष पुगेका उनले यही व्यवसायबाट राम्रो आम्दानी गर्दै आएका छन् । रोल्पा माडी गाउँपालिका-१ जबाङ दुदिलाबोट स्थायी घर भएका खड्काले दाङको घोराही उपमहानगरपालिका-१४ झिँगौरामा गरेको स्ट्रबेरीखेती सोचेभन्दा पनि राम्रो हुँदै गएको उनको भनाइ छ । किसान खड्काले भने, "कृषिसम्बन्धी अध्ययन गरेको र आफ्नै ठाउँमा केही गर्नुपर्छ भन्ने उद्देश्यले आठ वर्षअघि कृषि फार्म स्थापना गरेर पुष्प व्यावसाय गर्दै आएको थिएँ, विगत दुई/तीन वर्षदेखि भने व्यावसायिक रूपमा स्ट्रबेरीखेती पनि गर्दै आएको छु ।" उनले घोराहीस्थित झिँगौरामा रहेको स्वर्गद्वारी आश्रमको जग्गा भाडामा लिएर व्यावसायिक स्ट्रबेरीखेती गर्दै आएका छन् । दाङ एग्रोमार्ट कृषि फार्ममार्फत उनले चाडपर्वको समयमा सयपत्री फूलको पनि खेती गर्छन् भने गर्मी मौसममा खरबुजाको पनि व्यावसायिक खेती गर्दै आएका छन् ।स्ट्रबेरी फल स्वादिलोसँगै पौष्टिक गुणले समेत राम्रो फल मानिने र बिक्रीका लागि समस्या नहुने भन्दै खड्काले भने, "बिरुवा ल्याउँदा, थोपा सिँचाइका लागि मल्चिङ विधि अपनाउँदा सुरुमा आठ लाख बढी खर्च भएको छ । भदौको अन्तिमतिर रोपेका बिरुवाले अहिले उत्पादन दिएको र फल बिक्री भइरहेको छ । यसले अझै राम्रो आम्दानी दिने आशा छ ।" कृषि ज्ञान केन्द्र दाङका सूचना अधिकारी तथा कृषि अर्थविज्ञ पृथ्वीराज लामिछानेले उत्पादन भएको स्ट्रबेरी दैनिक बिक्री गर्न सकियो भने राम्रो हुने बताए । जिल्लामा बजार सानो भएको हँदा विशेष गरेर प्याकिङ र ढुवानीमा सावधानी अपनाउन आवश्यक रहेको उनको भनाइ छ । टिपेर धेरै दिनसम्म प्याकिङमा राख्दा बिग्रेर खेर जाने सम्भावना हुने हुँदा किसानले ख्याल गर्नुपर्ने बताए । जिल्लाको हावा, पानी, माटो सबै राम्रो रहेको बताउँदै उनले भने, "स्ट्रबेरी चिसो ठाउँमा हुनेमध्येको फलफूलको बिरुवा हो, आजभोलिको समय राम्रो हुन्छ ।" जिल्लामा व्यावसायिक रूपमा धेरै खेती नगरेको भए पनि कहीँकतै घरका गमलामा थोरैथोरै लगाउने गरेको उनको भनाइ छ ।

## बैकिङ्ग कसुरमा एक जना पक्राउ



**पाल्पा,** पुस २२/ जिल्ला प्रहरी कार्यालय पाल्पाले बैंकिङ्ग कसुरमा एक जनालाई पक्राउ गरी कारवाही प्रक्रिया अगाडि बढाएको छ ।

जिल्लाको बगनासकाली गाउँपालिका -७ निवासी ४० बर्षको हेमन्त गैरेलाई विषेश सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय पाल्पाबाट खटी गएको प्रहरी टोलीले आईतबार घुमिरेहको अवस्थामा निजलाई साझ पक्राउ गरी सो रकम असुल उपरका लागि जिल्ला अदालत पाल्पा समक्ष सोमवार पेश गरेको जनाएको छ । गैरेलाई बैकिङ्ग कसुर मुद्धामा २ लाख दश हजार र क्षतिपुर्ति ८ हजार ४ सय बैंक कसुर गरेको भनि जिल्ला अदालत पाल्पामा मुद्धा परेको थियो । सोही आधारमा उच्च अदालत पाटनले असुल उपर गर्नु भनि फैसला सुनाएको प्रहरीले जनाएको छ ।

## रामपुर बालमैत्री पालिकाको अभ्यासमा

**पाल्पा,(रामपुर),** पुस २२/ जिल्लाको रामपुर नगरपालिकाले बालमैत्री स्थानीय शासन घोषणाका लागि तयारी थालेको छ । २०८३ साल मंसिर ५ गते बालमैत्री स्थानीय शासन घोषणा गर्ने तयारी गरेको नगरपालिकाले तयारी तिव्र पारेको हो ।

घोषणाका लागि आवश्यक सुचक पुरा गर्न तिव्रताका साथ काम भई रहेको नगरपालिकाका नगर प्रमुख रमण थापाले जानकारी दिए । नगरपालिकाले १० वटै वडाका विभिन्न टोलमा एक सय १२ वटा बाल क्लव ,वडा र नगरस्तरीय बाल सञ्जाल गठनको काम सकिएको नगर प्रमुख थापाले बताए । सूचक अनुसार बालबालिकाको क्षमता विकासका लागि अभिमुखिकरण, विकास सम्बन्धी सचेतना जस्ता महत्वपूर्ण कार्य सकिएको नगरपालिकाले जनाएको छ । साथै बालबालिकाको हक अधिकार कहीं कतै हनन् भएमा वा शोषणमा परेमा बाल



क्लवमा आवद्ध बालबालिकाले तत्काल सुचना गरी रोक्नुपर्ने जस्ता अगुवाईका काममा बालक्लवहरु लागि परेका छन् । गाउँटोलमा बालविवाह, बाल हिंसा, बाल श्रम शोषण, विद्यालय शिक्षाबाट बञ्चित भएको देखिएमा स्थानीय सरकारलाई खवर गनु समेत बालक्लवका सदस्यहरुले थालिसकेका छन् । स्थानीय बालक्लवका सदस्य सुमित्रा बर्मेलीले बालबालिकाको सुरक्षित भविष्यका लागि वडा संधै साथमा रहेको बताउँदै अब बालअधिकारकाका क्षेत्रमा रामपुर अब्वल नगरपालिका बन्ने धारणा व्यक्त गरिन् । रामपुर नगरपालिकाका बाल कल्याण अधिकारी पुजा परियारले बालक्लवको दर्ता प्रक्रिया, विधान निर्माण, काम कर्तव्य र अधिकार लगायतका विषयमा जानकारी दिदै रामपुर नगरपालिका वडा सबै वडामा बालमैत्री शासनका लागि अभ्यास शुरु भएको बताइन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

## सम्पादकीय

# युवा जनशक्ति र सामाजिक सञ्जाल

सामाजिक सञ्जालले युवालाई अभिव्यक्तिको खुला मञ्च दिएको छ । आफ्ना विचार, सिर्जना, समस्या र अभियान प्रस्तुत गर्ने अवसर उनीहरुले पाएका छन् । कतिपय युवाले सामाजिक सञ्जालमार्फत उद्यम, रोजगारी, पत्रकारिता, डिजिटल मार्केटिङ र सिर्जनशील कामलाई अघि बढाएका छन् । सामाजिक अभियान, विपद्मा सहयोग, अन्याय विरुद्ध आवाज उठाउन सामाजिक सञ्जाल प्रभावकारी माध्यम बनेको छ । यस अर्थमा हेर्दा सामाजिक सञ्जाल युवा सशक्तीकरणको औजार पनि हो भन्न सकिने अवस्था छ ।

नेपालको कुल जनसंख्याको ठूलो हिस्सा १६ देखि ४० वर्ष उमेर समूहमा पर्छन् । युवा जनशक्ति राष्टूको सम्भावना, र भविष्य हो । पछिल्ला वर्षहरूमा यो युवा पुस्ता सामाजिक सञ्जालसँग अत्यन्त नजिक भएको देखिन्छ । फेसबुक, टिकटक, युट्युब, इन्स्टाग्राम, एक्स जस्ता माध्यम युवाको दैनिकी जस्तै बनेको कुरालाई कसैले पनि नकार्न सक्दैन् । त्यस कारण अहिले सामाजिक सञ्जाल प्रयोगकर्ता पनि धेरै युवा जनशक्ति नै रहेको यथार्थ तथ्य हो । यसको प्रयोग कसरी र किन यति धेरै भई रहेको छ भन्ने विषय सबै भन्दा महत्वपुर्ण हो । अधिकांश युवाको समय उत्पादनशील कामभन्दा मनोरञ्जनमा बढी खर्च भइरहेको देखिन्छ । भ्रामक सूचना, अफवाह, घृणात्मक अभिव्यक्ति र सतही लोकप्रियताको दौडले युवाको सोच र संस्कारमा नकारात्मक प्रभाव पारेको छ । लाइक, भ्यु र फलोअरको प्रतिस्पर्धाले आत्म केन्द्रित सोच बढेको देखिन्छ । कतिपय अवस्थामा सामाजिक सञ्जालले युवालाई वास्तविक समाजबाट टाढा बनाइरहेको कटु यथार्थ प्रति हामी सबै चिन्तित पनि हुनुपर्ने बेला आएको छ । सामाजिक सञ्जालमा राजनीतिक दल र स्वार्थ समूहले युवालाई प्रयोग गर्ने प्रवृत्ति बढ्दो छ । तथ्यभन्दा भावनामा खेल्ने सामग्रीले युवाको विवेकलाई भ्रमित बनाउने खतरा छ । डिजिटल साक्षरताको अभाव हुँदा युवा सजिलै गलत सूचना र दुष्प्रचारको शिकार बन्ने खतराबाट बच्ने उपायका लागि आवश्यक नीति र विधिको अभाव देखिन्छ ।

सामाजिक सञ्जाल प्रयोगमा चेतनशील युवाको निर्माण । राज्यले डिजिटल साक्षरता नीति प्रभावकारी रूपमा लागू गर्नुपर्छ । शैक्षिक संस्थाले सामाजिक सञ्जालको सकारात्मक प्रयोग सिकाउनुपर्छ । स्वयं युवाले पनि आत्म अनुशासन अपनाउँदै सामाजिक सञ्जाललाई ज्ञान, सीप र अवसरको माध्यम बनाउनु आजको आवश्यकता हो । सामाजिक सञ्जाल न त पूर्ण रूपमा खराब हो, न त आफैं अति उत्तम हो । सूचना र प्रविधिको सही उपयोग गर्नेहरुका लागि यो बरदान पनि सावित भएको छ भने यसलाई दुरुपयोग गर्ने कतिपयका लागि असहजताको प्रतिक पनि भएको पाईन्छ । यसलाई कस्तो बनाउने भन्ने जिम्मेवारी प्रयोगकर्ताकै हातमा छ । यदि नेपाली युवा जनशक्तिले सामाजिक सञ्जाललाई सही दिशामा प्रयोग गर्न सके, यही माध्यमबाट राष्ट्र निर्माणको महत्वपूर्ण साधन हो भन्ने कुरा सबैले बुझ्नुपर्ने अवस्था छ ।

## Opinion @ Socia Network

बसन्त आउन, चिसो सहनै पर्छ खुशी पाउन,
दु:ख भोग्नै पर्छ।
(शिव थापाको **फेसबुक स्टाटसबाट** *www.facebook.com/shiba.Thapa* )

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समानुपातिक प्रतिनिधित्व र सवैधानिक नैतिकताको संकट



## दिवाकर भुजेल

संविधान कानुनी आदेशहरूको संग्रह मात्र होइन । यो राजनीतिक समुदायले आफूलाई कसरी शासित गर्न चाहन्छ भन्नेबारे गरिएको गहिरो नैतिक प्रतिबद्धता हो । संविधानले केवल अधिकार र कर्तव्यको सूची मात्र बनाउँदैनह यसले नागरिक र राज्यबीचको नैतिक सम्बन्ध परिभाषित गर्छ । लोकतन्त्र त्यसैको व्यवहारिक रूप हो- नियमहरूको शासन होइन, स्वीकृति र जनअनुमोदनसहितको शासन । त्यसैले कुनै पनि लोकतान्त्रिक संस्थाको मूल्याङ्कन गर्दा प्रश्न केवल वैधानिक हुँदैनह प्रश्न अनिवार्य रूपमा हुन्छ - के यो अभ्यास संविधानले बोकेको नैतिक दृष्टिकोणसँग मेल खान्छ ?

नेपालको संविधानले लोकतन्त्रलाई शासन सञ्चालनको प्रविधिका रूपमा होइन, जनताको सार्वभौमसत्ताको निरन्तर अभ्यासका रूपमा परिकल्पना गरेको छ । प्रस्तावनादेखि राज्यशक्तिको प्रयोगसम्बन्धी धारासम्म संविधानले बारम्बार दोहोर्याएको मान्यता यही हो । राज्यसत्ताको अन्तिम स्रोत जनता हुन् । प्रतिनिधित्व, उत्तरदायित्व र वैधता यही आधारमाथि उभिएका अवधारणाहरू हुन् । प्रतिनिधि हुनु भनेको केवल कानूनी पद धारण गर्नु होइनह यो जनताबाट प्राप्त नैतिक म्यान्डेटको वहन हो । तर, यही संवैधानिक संरचनाभित्र विकसित भएको समानुपातिक प्रतिनिधित्वको वर्तमान अभ्यासले आज प्रतिनिधिमूलक लोकतन्त्रको नैतिक आधारमै प्रश्न उठाइरहेको छ । प्रश्न यो व्यवस्था कानूनसम्मत छ कि छैन भन्ने होइनह प्रश्न यो हो -के जनताको प्रत्यक्ष स्वीकृति र अनुमोदन बिना प्राप्त सत्ता साँचो संवैधानिक अर्थमा नै लोकतान्त्रिक हुन सक्छ ? के निर्वाचन प्रक्रिया बाहिरै रहेर सत्ता प्राप्त गर्नु लोकतान्त्रिक मूल्यसँग मेल खान्छ, वा त्यो केवल कानुनी चातुर्य मात्र हो ?यो प्रश्न महान दार्शनिक जोन रावल्सको भाषामा वैधानिकताको को प्रश्न हो । रावल्सका लागि राजनीतिक सत्ता त्यतिबेला मात्र वैध हुन्छ, जब त्यो स्वतन्त्र र बराबर नागरिकहरूबीच न्यायोचित सहकार्यका सर्तहरूमा आधारित हुन्छ । उनको 'जस्टिस एज फेयरनेस' ले लोकतन्त्रलाई केवल निर्णय गर्ने प्रक्रियाको रूपमा होइन, नागरिकहरूबीचको नैतिक सहकार्यको संरचनाका रूपमा बुझ्छ । राज्यको शक्ति नागरिकहरूको विवेकशील सहमतिबाट जन्मिएको हुनुपर्छ । समानुपातिक प्रतिनिधित्वको प्रारम्भिक औचित्य यही रावल्सको फेयरनेससँग जोडिएको पाउन सकिन्छ । नेपालको सन्दर्भमा, असमान सामाजिक संरचनाले प्रतिस्पर्धालाई असमान बनाएको अवस्थामा सुधारात्मक संयन्त्रमार्फत अवसरको न्यायोचित वितरण गर्नु यसको उद्देश्य थियो । ऐतिहासिक रूपमा वञ्चित समूहहरूलाई प्रतिनिधित्वको केन्द्रमा ल्याउनु केवल दया होइन, न्याय थियो । तर रावल्स् स्वयंले चेतावनी दिएका छन् । यदि कुनै सुधारात्मक व्यवस्था स्थायी लाभको संरचनामा रूपान्तरित हुन्छ भने, त्यो न्यायको साधन रहँदैन, विशेषाधिकारको माध्यम बन्छ । समानुपातिक प्रतिनिधित्व जब जोखिमरहित राजनीतिक करियरको संस्थागत मार्ग बन्छ, जब चुनावी प्रतिस्पर्धाबाट जोगिने सुरक्षित ढोका हुन्छ, तब त्यो स्वच्छता होइन, अनफेयर एडभान्टेज बन्छ । यस क्षणमा समानुपातिक प्रतिनिधित्वले आृनो नैतिक औचित्य गुमाउन थाल्छ । यहाँ वास्तवमा राजनीतिक यथार्थ र संवैधानिक आदर्शबीचको दरार देखिन्छ । समानुपातिक सूचीमा नाम पर्नु आज जनताको विश्वास जितेको परिणाम होइन, पार्टी संगठनभित्रको पहुँच, निष्ठा र समीकरणको नतिजा बन्न थालेको छ । यसले प्रतिनिधित्वलाई जनताबाट टाढा लैजान्छ । यहीँबाट संवैधानिक र राजनीतिक नैतिकता बीचको द्वन्द्व स्पष्ट हुन्छ । राजनीतिक नैतिकताले ले सत्ता प्राप्त गर्ने व्यवहारिक सम्भावनाहरूको गणना गर्छ । यसले उपलब्ध नियमहरू प्रयोग ग रेर अधिकतम लाभ कसरी लिने भन्ने प्रश्न सोध्छ । संवैधानिक नैतिकताले भने सत्ता प्रयोगको नैतिक सीमा कोर्छ । संविधानले के गर्न अनुमति दिन्छ भन्ने मात्र होइन, के गर्नुपर्छ भन्ने प्रश्न संविधानको नैतिक क्षेत्र हो । समानुपातिक प्रतिनिधित्वको वर्तमान अभ्यास राजनीतिक रूपमा सुविधाजनक हुन सक्छ । यो दल नेतृत्वका लागि वफादारीलाई इनाम दिने उपकरण हुन सक्छ । तर संवैधानिक रूपमा न्यायोचित छ कि छैन भन्ने प्रश्न भने खुला छ । संविधानको नैतिकता भनेको नियमको अक्षरमा सीमित हुनु होइनह त्यसको आत्मालाई जोगाउनु हो ।

अर्का दार्शनिक रोनाल्ड ड्वोर्किनले लोकतन्त्रलाई बहुमतको शासनका रूपमा होइन, समान चासो र सम्मानको अभ्यासका रूपमा बुझ्छन् । राज्यले प्रत्येक नागरिकलाई बराबर गम्भीरताका साथ लिन्छ कि लिँदैन भन्ने नै लोकतन्त्रको नैतिक परीक्षा हो । ड्वोर्किनका लागि लोकतन्त्र प्रक्रियागत मात्र हुँदैन यो सान्दर्भिक नैतिक अभ्यास हो । समानुपातिक प्रतिनिधित्वको मूल अवधारणा यही समान चासोलाई व्यवहारमा उतार्ने प्रयास थियो । तर जब समानुपातिक सांसदको सूची निर्माण प्रक्रिया अपारदर्शी हुन्छ, एउटै अनुहार बारम्बार दोहोरिन्छन्, वास्तविक संरचनागत रूपमा वञ्चित समुदायहरू अझै पनि निर्णयको केन्द्रबाट टाढा रहन्छन्, तब समान चासो औपचारिक नारा मात्र बन्छ । प्रतिनिधित्व देखिन्छ, तर आवाज सुनिँदैन । ड्वोर्किनको दृष्टिमा यस्तो व्यवस्था लोकतान्त्रिक सार बिनाको लोकतान्त्रिक रूप हो । यहाँ लोकतन्त्रको संरचना बाँकी रहन्छ, तर यसको नैतिक आत्मा हराउँछ । समानुपातिक सांसद संवैधानिक रूपमा वैध देखिन्छ, तर नैतिक रुपमा प्रतिनिधि होइन, प्रतिनिधिको स्थान ओगटेको पात्र मात्र बन्छ । यस समस्याको केन्द्रमा वैधताको स्रोत छ । अर्का महत्वपूर्ण चिन्तक जुर्गेन हबरमासका अनुसार लोकतान्त्रिक वैधता संवादात्मक तर्कसंगतताबाट उत्पन्न हुन्छ । खुला संवाद, सार्वजनिक बहस र नागरिक स्वीकृतिबाट । निर्वाचन यस अर्थमा केवल मत हाल्ने प्रक्रिया होइनह यो सार्वजनिक तर्कको उच्चतम रूप हो । नागरिकले सत्ता कसलाई दिने भन्ने निर्णय सार्वजनिक संवादमार्फत गर्छन्, जहाँ तर्क, आलोचना र सहमति निर्माण हुन्छ ।

तर रावल्स् स्वयंले चेतावनी दिएका छन् । यदि कुनै सुधारात्मक व्यवस्था स्थायी लाभको संरचनामा रूपान्तरित हुन्छ भने, त्यो न्यायको साधन रहँदैन, विशेषाधिकारको माध्यम बन्छ । समानुपातिक प्रतिनिधित्व जब जोखिमरहित राजनीतिक करियरको संस्थागत मार्ग बन्छ, जब चुनावी प्रतिस्पर्धाबाट जोगिने सुरक्षित ढोका हुन्छ, तब त्यो स्वच्छता होइन, अनफेयर एडभान्टेज बन्छ । यस क्षणमा समानुपातिक प्रतिनिधित्वले आफ्नो नैतिक औचित्य गुमाउन थाल्छ । यहाँ वास्तवमा राजनीतिक यथार्थ र संवैधानिक आदर्शबीचको दरार देखिन्छ । समानुपातिक सूचीमा नाम पर्नु आज जनताको विश्वास जितेको परिणाम होइन, पार्टी संगठनभित्रको पहुँच, निष्ठा र समीकरणको नतिजा बन्न थालेको छ । यसले प्रतिनिधित्वलाई जनताबाट टाढा लैजान्छ । यहीँबाट संवैधानिक र राजनीतिक नैतिकता बीचको द्वन्द्व स्पष्ट हुन्छ । राजनीतिक नैतिकताले ले सत्ता प्राप्त गर्ने व्यवहारिक सम्भावनाहरूको गणना गर्छ । यसले उपलब्ध नियमहरू प्रयोग ग रेर अधिकतम लाभ कसरी लिने भन्ने प्रश्न सोध्छ । संवैधानिक नैतिकताले भने सत्ता प्रयोगको नैतिक सीमा कोर्छ । संविधानले के गर्न अनुमति दिन्छ भन्ने मात्र होइन, के गर्नुपर्छ भन्ने प्रश्न संविधानको नैतिक क्षेत्र हो । समानुपातिक प्रतिनिधित्वको वर्तमान अभ्यास राजनीतिक रूपमा सुविधाजनक हुन सक्छ । यो दल नेतृत्वका लागि वफादारीलाई इनाम दिने उपकरण हुन सक्छ । तर संवैधानिक रूपमा न्यायोचित छ कि छैन भन्ने प्रश्न भने खुला छ । संविधानको नैतिकता भनेको नियमको अक्षरमा सीमित हुनु होइनह त्यसको आत्मालाई जोगाउनु हो । अर्का दार्शनिक रोनाल्ड ड्वोर्किनले लोकतन्त्रलाई बहुमतको शासनका रूपमा होइन, समान चासो र सम्मानको अभ्यासका रूपमा बुझ्छन् । राज्यले प्रत्येक नागरिकलाई बराबर गम्भीरताका साथ लिन्छ कि लिँदैन भन्ने नै लोकतन्त्रको नैतिक परीक्षा हो । ड्वोर्किनका लागि लोकतन्त्र प्रक्रियागत मात्र हुँदैन यो सान्दर्भिक नैतिक अभ्यास हो । समानुपातिक प्रतिनिधित्वको मूल अवधारणा यही समान चासोलाई व्यवहारमा उतार्ने प्रयास थियो । तर जब समानुपातिक सांसदको सूची निर्माण प्रक्रिया अपारदर्शी हुन्छ, एउटै अनुहार बारम्बार दोहोरिन्छन्, वास्तविक संरचनागत रूपमा वञ्चित समुदायहरू अझै पनि निर्णयको केन्द्रबाट टाढा रहन्छन्, तब समान चासो औपचारिक नारा मात्र बन्छ । प्रतिनिधित्व देखिन्छ, तर आवाज सुनिँदैन । ड्वोर्किनको दृष्टिमा यस्तो व्यवस्था लोकतान्त्रिक सार बिनाको लोकतान्त्रिक रूप हो । यहाँ लोकतन्त्रको संरचना बाँकी रहन्छ, तर यसको नैतिक आत्मा हराउँछ । समानुपातिक सांसद संवैधानिक रूपमा वैध देखिन्छ, तर नैतिक रुपमा प्रतिनिधि होइन, प्रतिनिधिको स्थान ओगटेको पात्र मात्र बन्छ । यस समस्याको केन्द्रमा वैधताको स्रोत छ । अर्का महत्वपूर्ण चिन्तक जुर्गेन हबरमासका अनुसार लोकतान्त्रिक वैधता संवादात्मक तर्कसंगतताबाट उत्पन्न हुन्छ । खुला संवाद, सार्वजनिक बहस र नागरिक स्वीकृतिबाट । निर्वाचन यस अर्थमा केवल मत हाल्ने प्रक्रिया होइनह यो सार्वजनिक तर्कको उच्चतम रूप हो । नागरिकले सत्ता कसलाई दिने भन्ने निर्णय सार्वजनिक संवादमार्फत गर्छन्, जहाँ तर्क, आलोचना र सहमति निर्माण हुन्छ ।

**(भुजेल नेपाल सरकारका उपसचिव हुन् ।)-अनलाईन खबर**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :आश्वासन दिनेबाट सावधान रहनुहोस्। सुझाव लाभदायी रहनेछ। | **तुला** : स्वादिष्ट भोजन प्राप्त हुनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। |
| **वृष** : पिहिलाका सम्झौताबाट लाभ मिल्नेछ । पराक्रममा वृद्धि हुनेछ। | **वृश्चिक**: कार्यसम्पादन गर्न सकिनेछ। मेहनतले जीवनमा परिवर्तन ल्याउनेछ । |
| **मिथुन** : सहयोगीहरूको साथ पाइनेछ । सञ्चित रकम खर्च गर्नुपर्ला। | **धनु**:रोकिएका कार्यगर्नसकिनेछ । प्रलोभन देखाउनेहरूसँग सजग रहनुहोला । |
| **कर्कट** :सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ । प्रयत्न गर्दा सफलता हात लाग्नेछ। | **मकर**: पेशामा सहयोग पाइनेछ । साझेदार व्यापारमा लाभ रहनेछ। |
| **सिंह** : नतिजा हजुरको अनुकूल नहोला । स्वास्थ्यमा कमजोरीको अनुभूति हुनेछ । | **कुम्भ** : विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ। आयका स्रोतहरू फेला पर्नेछन्। |
| **कन्या** : लोकप्रियता हासिल गर्न सकिनेछ । मेहनतको फल प्राप्त हुने छ । | **मीन** : सौभाग्य प्राप्त होला । विद्यार्थीहरूलाई पठनपाठनमा मन लाग्नेछ। |

## कला मनोरञ्जन

# ४० लागिन् दीपिका, फ्यानसँग मनाइन् जन्मदिन






**मुम्बई,** बलिउड स्टार दीपिका पादुकोण सोमबार ४० औं जन्मदिन मनाउँदै छिन् । यस अवसरमा उनलाई विश्वभरबाट प्रशंसकले जन्मदिनको शुभकामना दिइरहेका छन् । उनको चालिसौं बर्थडे खास रह्यो । उनले प्रशंसकसँग केक काटेर जन्मदिन सेलिब्रेट गरेकी छन् ।

उनले फ्यानसँग जन्मदिन मनाएका भिडियो र फोटो सामाजिक सञ्जालमा व्यापक सेयर भैरहेका छन् । बर्थडेको एक दिन अगाडि, उनका उत्साही प्रशंसकले मुम्बईमा एक भव्य फ्यान भेटघाटको आयोजना गरे । सो अवसरमा आफ्नी फेभरेट अभिनेत्रीको झलक हेर्न फ्यान कोठामा खचाखच भरिएको देखिए । भिडियो र फोटोमा 'ओम शान्ति ओम' डेब्यू अभिनेत्रीले ठूलो आकारको चकलेट र बेरी केक काटिरहेको देखाइएको छ । दीपिकाले केकको टुक्रा बाँडेर फ्यानलाई खुसी पनि दिइन् । जन्मदिन उत्सवमा साथ दिने फ्यानलाई उनले फ्लाइङ किसमार्फत धन्यवाद दिइन् ।

**सफल स्टारडमको यात्रा**

दीपिकाले आफ्नो करियर मोडलिङबाट सुरु गरिन् । सन् २००५ तिर उनले विभिन्न विज्ञापन र ऱ्याम्प शोमार्फत चर्चा पाउन थालिन् । त्यसपछि कन्नड फिल्म ऐश्वर्या ९२००६० बाट अभिनय यात्रा सुरु भयो । बलिउडमा उनको वास्तविक पहिचान सन् २००७ मा शाहरुख खानसँग अभिनय गरेको फिल्म 'ओम शान्ति ओम' बाट बन्यो । यो फिल्मले उनलाई रातारात स्टार बनायो र उत्कृष्ट नवोदित अभिनेत्रीको पुरस्कार पनि दिलायो ।यसपछि दीपिकाले लभ आजकल, ककटेल, ये जवानी है दीवानी, चेन्नई एक्सप्रेस, रामलीला, बाजीराव मस्तानी, पद्मावतजस्ता व्यावसायिक तथा समीक्षात्मक रूपमा सफल फिल्ममा अभिनय गरिन् । उनले ऐतिहासिक, रोमान्टिक, कमेडी र गम्भीर सबै खालका भूमिकामा आफूलाई सफलतापूर्वक प्रस्तुत गरिन् । 'पिकु' फिल्ममा निर्वाह गरेको साधारण तर भावनात्मक पात्रलाई दर्शक र समीक्षक दुवैले अत्यन्त मन पराए । दीपिका केवल सुन्दरी अभिनेत्री मात्र होइनन्, उनी अभिनयमा गहिराइ, संवेदनशीलता र आत्मविश्वासको उदाहरण हुन् । उनले आफ्ना पात्रलाई सशक्त, आत्मनिर्भर र भावनात्मक रुपमा गहिरो देखाउने प्रयास सधैं गरिन् । यही कारण उनी महिला केन्द्रित फिल्ममा पनि सफल भइन् । अभिनयसँगै दीपिका मानसिक स्वास्थ्यका विषयमा खुलेर बोल्ने चर्चित सेलिब्रेटी हुन् । आफू डिप्रेसनबाट गुज्रिएको अनुभव सार्वजनिक गर्दै उनले 'लिभ लभ लाफ' फाउन्डेसन स्थापना गरिन्, जसले मानसिक स्वास्थ्यबारे सचेतना फैलाउने काम गर्छ । भारतजस्तो समाजमा यस्तो विषयमा खुलेर बोल्नु साहसिक कदम मानिन्छ, जसले धेरै मानिसलाई हौसला दिएको छ ।व्यक्तिगत जीवनमा दीपिकाले सन् २०१८ मा अभिनेता रणवीर सिंहसँग विवाह गरिन् । दुवैको सम्बन्धलाई बलिउडको सबैभन्दा लोकप्रिय र सशक्त जोडीमध्ये एक मानिन्छ । आज दीपिका केवल फिल्म स्टार होइनन्, उनी एक ब्रान्ड, प्रेरणा र आत्मबलको प्रतीक हुन् । अभिनय, सौन्दर्य, सामाजिक चेतना र आत्मस्वीकृतिको समन्वयले उनी आधुनिक भारतीय नारीको सशक्त प्रतिनिधि बनेकी छन् ।कामको कुरा गर्दा, दीपिकाले शाहरुख खानसँग उनीहरूको आगामी एक्सन-थ्रिलर फिल्म 'किङ' मा स्क्रिन सेयर गर्नेछिन् । सिद्धार्थ आनन्दको यो मास इन्टरटेनर फिल्मबाट ठूलो पर्दामा सुहाना खानले पनि डेब्यू गर्दैछिन् ।-*अनलाइन खबर डटकम*

# 'धुरन्धर' ले तोड्यो यी ठूला रेकर्ड



'रणवीर सिंह र अक्षय खन्ना अभिनीत भारतीय फिल्म 'धुरन्धर'ले बक्स अफिसमा राम्रो सफलता पाइरहेको छ । फिल्मले प्रदर्शनको ३० दिनमा घरेलु बक्स अफिसमा ७५९ दशमलव ५ करोड तथा विश्वव्यापी बक्स अफिसमा ११८२ दशमलव २५ करोड भारूभन्दा बढी कमाएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। आदित्य धर निर्देशित फिल्मले यसअघि नै केही रेकर्डहरू बनाइसकेको छ। यहाँ यो फिल्मले तोडेका केही ठूलो रेकर्डहरूबारे जानकारी दिइएको छ।

**हिन्दी भाषामा म ठूलो कमाइ**

हिन्दी भाषामा मात्र रिलिज भएर 'धुरन्धर' ले गरेको कमाइ निकै ठूलो हो। यसले विश्वव्यापी कमाइमा 'जवान' (१०८० करोड भारू) र 'पुष्पा २' को हिन्दी डबले कमाएको (१०८७ करोड भारू) लाई पार गरेको नवभारत टाइम्सले जनाएको छ। **चौथो हप्तामा १ सय करोड भारूभन्दा बढी कमाउने पहिलो भारतीय फिल्म**

'धुरन्धर' ले आफ्नो सुरूआती सप्ताहन्तमा मुस्किलले १ सय करोड भारू कमाएको थियो। दर्शकको साथले यसको कमाइमा उल्लेखनिय बृद्धि ल्यायो। नयाँ रिलिजहरूले समेत यसको कमाइको गतिलाई रोक्न सकेनन्। चौथो हप्तामा फिल्मले भारतमा १०३ करोड भारू कमाएको थियो, जुन एक रेकर्ड हो। अघिल्लो रेकर्ड 'पुष्पा २' ले बनाएको थियो। पाँच भाषाहरूमा उक्त फिल्मले चौथो साता ६९ करोड कमाइ गरेको थियो।

**घरेलु बक्स अफिसमा धेरै कमाउने पहिलो बलिउड फिल्म**

जनवरी २ सम्म 'धुरन्धर' ले भारतमा ७४७ करोड भारू कमाएको छ। जुन बलिउड फिल्मको रेकर्ड हो। यसअघि कुनै पनि बलिउड फिल्मले घरेलु बक्स अफिसमा ७०० करोड कमाएको थिएन। 'धुरन्धर' ले सन् २०२३ मा भारतमा ६४० करोड भारू कमाएको शाहरूख खानको 'जवान' को रेकर्ड तोडेको जनाइएको छ।

**लगातार ३० दिनसम्म दोहोरो अंकको कमाइ**

धेरैजसो ठूला फिल्महरूले लगातार १२-१५ दिनसम्म दोहोरो अंकको कमाइ गर्न सफल हुन्छन्। 'जवान'ले लगातार १३ दिनसम्म दोहोरो अंकको कमाई हासिल गऱ्यो, जबकि 'छावा' ले १८ दिनसम्म दोहोरो अंकको कमाइलाई निरन्तरता दियो। धेरै भाषाहरूमा कमाइ गर्ने भएकाले भारतभरका फिल्महरू अझ लामो समयसम्म टिक्न सक्छन्। 'बाहुबली २' ले २४ दिनसम्म दोहोरो अंकको आँकडा पार गऱ्यो। तर 'धुरन्धर' ले लगातार ३० दिनसम्म हरेक दिन १० करोड वा सोभन्दा बढी कमाइ गरेको छ। यो बलिउडमा दुर्लभ उपलब्धि मानिन्छ। शनिबार पनि 'धुरन्धर' ले ११.७५ करोड भारू कमाएको थियो। **'बुक माइ शो' मा सबभन्दा धेरै टिकट बिक्री गर्ने बलिउड फिल्म**

चौथो हप्तामा 'धुरन्धर' लोकप्रिय टिकटिङ प्लेटफर्ममा सबभन्दा धेरै बिक्री हुने बलिउड फिल्म बनेको छ। यसले प्लेटफर्ममा १ करोड ३० लाख टिकट बिक्री गरेको छ। योसँगै 'छावा' .'धुरन्धर' ले तोड्यो यी ठूला रेकड१ करोड २५ लाख) र 'जवान' (१ करोड २४ लाख) जस्ता फिल्महरूलाई उछिनेको जनाइएको छ। भारतीय फिल्मको लागि सबभन्दा धेरै टिकटको यो रेकर्ड 'पुष्पा २' को नाममा छ, जसले प्लेटफर्ममा २ करोड टिकट बिक्री गरेको थियो।तर 'पुष्पा' बलिउड फिल्म थिएन। त्यसैले, 'धुरन्धर' बलिउड फिल्मको यस सूचीमा नम्बर १ मा छ। जासुसी-थ्रिलर कथामा आधारित 'धुरन्धर' डिसेम्बर ५ देखि प्रदर्शनमा आएको थियो । आदित्य धर निर्देशित फिल्ममा रणवीर र अक्षयसँगै संजय दत्त, आर.माधवन, अर्जुन रामपाल, सारा अर्जुनलगायत कलाकारहरूको अभिनय छ। फिल्मले नेपालमा १० करोड रूपैयाँभन्दा माथिको कमाइ गरेको जनाइएको छ।

- *सेतोपाटी डटकम*

# सिनेमा प्रमाणीकरणका लागि बोर्डलाई प्रभावकारी बनाउनुपर्छ : सञ्चारमन्त्री खरेल



**काठमाडौं,** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले चलचित्र प्रमाणीकरण प्रक्रियालाई सरल र प्रभावकारी बनाउन चलचित्र विकास बोर्डको भूमिकालाई सुदृढ गर्नुपर्नेमा जोड दिएका छन्। राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा मंगलबार भएको 'चलचित्र विधेयक' सम्बन्धी दफावार छलफलमा बोल्दै मन्त्री खरेलले बोर्डको स्वायत्तता र विज्ञहरूको निर्णयलाई सम्मान गर्नुपर्ने धारणा राखेका हुन्।

मन्त्री खरेलले बोर्डमा बाहिरबाट आउने विज्ञ सदस्यहरूको बहुमत हुने भएकाले उनीहरूले कुनै चलचित्रलाई उपयुक्त ठहऱ्याएमा बोर्ड अध्यक्षले आफ्नो विशेषाधिकार (भिटो) प्रयोग गरेर रोक्न नहुने तर्क गरे। उनले चलचित्र प्रमाणीकरणलाई अनावश्यक जटिल र त्रासको विषय बनाउनु नपर्ने उल्लेख गर्दै बोर्डले आफ्नो कर्तव्यलाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताए। यद्यपि, बोर्डको कार्यशैलीमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न 'चेक एन्ड ब्यालेन्स' (सन्तुलन र नियन्त्रण) को संयन्त्र भने आवश्यक रहेको उनको भनाइ थियो। विधायन व्यवस्थापन समितिकी सभापति तुलसाकुमारी दाहालले चलचित्र विधेयकमाथि दफावार छलफल चलिरहेको र यसलाई छिट्टै निष्कर्षमा पुऱ्याउन समिति सक्रिय रहेको जानकारी दिइन्। सरकारले ५६ वर्ष पुरानो चलचित्र ऐनलाई प्रतिस्थापन गरी नयाँ र प्रविधिमैत्री कानुन ल्याउन खोजेको छ।-*रासस*

# केकी र सुलक्षणले घोषणा गरे 'पेट्रोल पम्प'



**काठमाडौं,** पुस २२/ गत वर्ष नेपाली सिनेमा उद्योगलाई 'ब्लकबस्टर' सिनेमा दिएको 'बोक्सीको घर'को टिम नयाँ चलचित्र निर्माणको सहकार्यमा जुटेको छ। अभिनेत्री केकी अधिकारी र निर्देशक सुलक्षण भारतीको टिमले नयाँ चलचित्र 'पेट्रोल पम्प' निर्माणको घोषणा गरेको हो।"बोक्सीको घर रिलिजको समयमा हामीले कुनै इन्ट्रेस्टिङ प्रोजेक्ट र समय मिलेको खण्डमा हामी पुन: सहकार्यमा जुट्ने छौं भनेका थियौं," केकीले भनिन्, "त्यो समय अहिले पेट्रोल पम्ममार्फत आएको छ।"चलचित्रलाई सुलक्षण भारतीले निर्देशन गर्नेछन्।

चलचित्रमा कथा पनि निर्देशक सुलक्षणले नै लेखेका छन्। प्रोडुसर भने केकी अधिकारी हुनेछिन्। यसअघिको चलचित्र 'बोक्सीको घर'मा पनि लेखक तथा निर्देशक पनि सुलक्षण नै थिए। प्रोडुसरमा केकी नै थिइन्।सोसल ड्रामा चलचित्र 'पेट्रोल पम्प' विसं. २०८३ मा रिलिज हुनेछ। चलचित्रमा को-को कलाकार हुनेछन् भन्ने निर्माणपक्षले खुलाएका छैन। "पेट्रोल पम्पमा को-को कलाकार रहनेछन् भने हामी केही समयमा विस्तृत जानकारी दिनेछौं। प्राविधिक पनि को-को हुनुहुनेछ हामी विस्तारै जानकारी दिँदै जानेछौं," केकीले भनिन्।'बोक्सीको घर'मा भने केकी र सुलक्षण दुवैले अभिनय गरेका थिए। केकी मुख्य भूमिकामा थिइन्। बद्री अधिकारी निर्माता रहेको 'बोक्सीको घर'ले नेपाली बक्सअफिसमा ११ करोडभन्दा माथि ग्रसकलेक्सन गरेको थियो । केकीको पहिलो निर्माण नै बल्कबस्टर भएको थियो । यो सिनेमाको 'बुझिन मैले' गीत भाइरल भएको थियो।"हाम्रो पहिलो सिनेमा बोक्सीको घरमा हामीले जसरी नयाँ टेस्ट लिएर दर्शकमाझ आएको थियौं । र दर्शकले मन पराउनु भएको थियो, त्यस्तै यो सिनेमामा पनि हामी नयाँपन दिने कोसिस गर्नेछौं ।

- *डिसी नेपाल*

# पूर्वखोला गाउँपालिकाको सार्वजनिक सूनुवाई

कृष्ण पोखरेल



**पाल्पा,** पुस २२/ जिल्लाको पूर्वखोला गाउँपालिकाले आर्थिक बर्ष २०८२ को श्रावण देखी पुस १७ गते सम्म कार्यालयले प्रदान गरेको सेवा प्रवाह एक कार्यक्रम गरी सार्वजनिक गरेको छ ।कार्यालयले प्रथम चौमासिक सार्वजनिक सूनुवाइ मार्फत चालु आर्थिक बर्षको हालसम्म भएका गतिविधीहरु सावजनिक गर्दै जनताका गुनासा, सुझाव, अपेक्षाहरु संकलन गरेको हो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजु नेपालले प्रथम चौमासिक अवधिमा भएका कार्यक्रम गतिविधी, आम्दानी खर्च विषयबस्तु प्रस्तुत गरे । हालसम्म पूर्वखोला गाउँपालिकाले ४० दशमलव ७६ प्रतिशत बजेट कार्यान्वयन गरी कुल प्रगति हासिल गरेको, उपभोक्ता समितिका ३२४ जनालाई योजना सम्झौता, कार्यान्यन, फरफारकका विषयमा तालिम प्रदान गरेको, २२२ वठा ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरेको, २४ वटा सम्वन्ध विच्छेद भएको, १५३ जना बसाई सराई गरी गएको र १३ जना आएको, १८ लाख ७२ हजार आन्तरिक राजश्व संकलन भएको, २ हजार ४ सय ६८ जनालाई सामाजिक सुरक्षा भत्ता बापत २ करोड ५१ लाख ७३ हजार रुपैयाँ वितरण गरेको, प्रधानमन्त्री रोजगार कार्यक्रममा २४६ जना सूचिकृत भएको, १६ जना मानसिक समस्या भएकालाई मनोपरामर्श सेवा प्रदान गरेको, श्रावणदेखी मंसिर महिना सम्म ८१९७ जना नयाँ विरामीले सेवा लिएको, गाउँपालिका भित्रका सबै विद्यालयका शिक्षक, कर्मचारी गरी ४०४ जनाको सामुहिक दुर्घटना बिमा पालिकाले गरिदिएको, ३६ जना अभिभावक विहिन बालबालिकालाई ६ हजार देखी ९ हजार रुपैयाँसम्म छात्रबृत्ति प्रदान गरिएको कार्यप्रगति प्रमुख प्रशासकीय अधिकृत नेपालले सार्वजनिक सूनुवाईमा प्रस्तुत गरे । कार्यक्रममा जनताहरुले हुमिन पूर्वखोला पहुँच मार्गको निर्माणमा ढिला सुस्ती भएको, कृषि तथा पशु प्राविधिकहरुलाई कृषकको घरदैलोमा नियमित रुपमा परिचालन गर्नुपर्ने, योजनाहरुको बढी भन्दा बढी अनुगमन बढाउनु पर्ने, सबै वडा बाट एक एक सवारी साधन पालिकाको केन्द्र सम्म नियमित रुपमा सञ्चालनको व्यस्था मिलाउनु पर्ने, सामाजिक सुरक्षा भत्ता वडा वडा बाटै वितरण गर्नुपर्ने, विधालयमा सस्कार सहितको शिक्षा प्रदान गर्नु पर्ने, कुलो सिंचाईको योजनाहरु बढाउनु पर्ने, नागरिक गुनासो कक्ष सञ्चालन गर्नुपर्ने, नागरिक मैत्री सेवा सुविधा प्रदान गर्नुपर्ने, प्रत्येक वडामा हाट बजार संचालन गर्नुपर्ने, गुणस्तरीय विउ विजन समयमै उपलब्ध गराउनु पर्ने, सुझाव दिएका थिए । जनताले गरेका गुनासा, सुझाव तथा अपेक्षाको बारेमा गाउँपालिकाका अध्यक्ष नुन बहादुर थापाले जवाफ दिएका थिए । पूर्वखोलको विकास निर्माण, जनताको सेवा सुविधाको लागी निरन्तर लागि परेको बताउदै अध्यक्ष थापाले पालिका भित्र बाट ४ अर्व रकम बराबरका योजनाका कार्यक्रम र बजेट माग आउछन तर बजेटको सिमितताले योजना प्राथमिककरण गरेर स्विकृत गरिने बताए । निर्वाचित भएपछि सबैपक्षलाई समान व्यबहार गरी काम गर्दै आएको अध्यक्ष थापाले बताए । कार्यालय तथा प्रशासनिक तर्फ आएका गुनासाहरुको प्रमुख प्रशासकीय अधिकृत नेपालले जवाफ दिदै आई परेका समस्याहरु अन्य शाखा बाट समाधान हुन नसकेका कामहरु आफुलाई भेटेर जानकारी गराउन सेवाग्राहीलाई अनुरोध गरे ।

कार्यक्रममा विभिन्न राजनितिक दलका नेताहरु, उपभोक्ताहरु, शिक्षकहरुले गरेका गुनासा, सुझावहरुलाई सुन्ने मात्र होईन कार्यपालिकाको बैठकमा पेश गरी कार्यान्वयन गरिने उपाध्यक्ष भागिरथी शर्मा भट्टराईले बताईन् । पालिका अध्यक्ष नुन बहादुर थापाको अध्यक्षता, उपाध्यक्ष भागिरथी शर्मा भट्टराईको स्वागत पाल्पा विकास केन्द्रका संयोजक किरण कौशलको संचालनमा सार्वजनिक सूनुवाई भएको थियो ।

खेलकुद समाचार

## क्रिकेट टोलीको नयाँ जर्सी सार्वजनिक





**काठमाडौं,** पुस २२/ नेपालले राष्ट्रिय क्रिकेट टोलीको नयाँ जर्सी सार्वजनिक गरेको छ । काठमाण्डौमा हिजो भएको कार्यक्रममा नयाँ जर्सी सार्वजनिक गरिएको हो ।

महिला टोलीले आउँदो हप्तादेखि शुरू हुने महिला टि-२० विश्वकप छनोट र पुरुष टोलीले अर्को महिना भारतमा शुरू हुने विश्वकपमा नयाँ जर्सी लगाएर खेल्नेछ । खेलाडीको जर्सीलाई ३ हजार ३ सय ९९, कपीवाला जर्सीको १ हजार ५ सय ९९ र् यानका लागि जर्सीको मूल्य ७ सय ९९ रुपैयाँ तोकिएको छ ।यसैबीच आईसीसी टी-२० विश्वकप सन् २०२६ को 'टूफी' नेपाल आइपुगेको छ । 'ट्रफी टुर' कार्यक्रम अन्तर्गत मंगलबार पोखरामा ट्रफीको फोटोशूट, वसन्तपुर क्षेत्रमा ट्रफी प्रदर्शनी तथा आज बौद्धनाथ स्तूप परिसरमा टूफी प्रदर्शन गरिएको नेपाल क्रिकेट संघ (क्यान) ले जनाएको छ । टी-२० विश्वकपको ट्रफी नेपालमा पहिलो पटक ल्याइएको हो । नेपालमा यसअघि सन् २०१८ मा एकदिवसीय विश्वकपको टूफी ल्याइएको थियो । टी-२० विश्वकपको १०औं संस्करण आउँदो फेब्रुअरी ७ तारिखदेखि भारत र श्रीलाङ्कामा शुरू हुँदैछ । नेपालसहित २० वटा टोली सहभागी प्रतियोगिताको फाइनल खेल मार्च ८ तारिखमा हुनेछ । विश्वकपमा नेपाल समूह 'सी' मा परेको छ । यो समूहमा नेपालसँगै इङ्ल्यान्ड, वेस्ट इन्डिज, इटाली र बगलादेश रहेका छन् ।

अर्थ/कर्पोरेट समाचार

## नेप्से नौ अङ्कले बढ्यो



**पाल्पा,** पुस २२/ मंगलबार सेयर बजारको परिसूचक नेप्से ९.९३ अंक बढेको छ । सो अंकको वृद्धिसँगै २६४९ अंकमा पुगेको छ । बजार केही उतारचढावमा देखियो । कारोबार सुरु भएपछि नै बढेको नेप्से ११ : ५७ बजे २ हजार ६ सय ६२ अंकसम्म पुगे पनि त्यसपछि दिनभर कुनै पनि समय सो अंकभन्दा माथि जान सकेन ।

कारोबार रकम बढेको छ । अघिल्लो दिन ६ अर्ब ४७ करोडको कारोबार भएकोमा ७ अर्ब १२ करोडको भएको छ । यो रकम एक महिनायताकै उच्च हो । कुल १४८ कम्पनीको मूल्य बढ्दा १०३ को घट्यो भने ८ को स्थिर रहृयो । यस दिन फाइनान्समा कारोबारीको आकर्षण देखिएको छ । सो समूह सबैभन्दा धेरै २.८७ प्रतिशत बढ्यो । हिजो उत्पादन तथा प्रशोधन सबैभन्दा धेरै ३ प्रतिशत बढेको थियो । भने सो समूह ०.५१ प्रतिशत घट्यो । त्यस्तै होटल तथा पर्यटन समूह ०.२३ प्रतिशत घट्यो । बैंकिङ ०.४३, विकास बैंक ०.७९, हाइड्रोपावर ०.१३, लगानी ०.३२, जीवन बीमा ०.०४, माइक्रोफाइनान्स ०.८४, निर्जीवन बीमा ०.१२, अन्य ०.७७ तथा व्यापार ०.५४ प्रतिशत बढे । जीवन विकास लघुवित्तको मूल्य १० प्रतिशत बढ्यो । त्यस्तै थ्रीस्टार हाइड्रोपावरको ९.५४, जानाकी फाइनान्सको ५.८३, गुडविल फाइनान्सको ५.४६ तथा एसवाई प्यानलको ५.४३ प्रतिशत मूल्य बढ्यो । रुरु जलविद्युतको मूल्य सबैभन्दा धेरै ८.४१ प्रतिशत घट्यो । ट्रेड टावरको ६.२६, सान्भी इनर्जीको ५.६१, बन्दीपुर केबुलकारको ५.४२ तथा श्रीनगर एग्रिटेक कम्पनीको ५.१६ प्रतिशत घटे । धेरै कारोबार भएका पाँच कम्पनीमा एसवाई प्यानल, बुटवल पावर, शिवम् सिमेन्ट, बन्दीपुर केबुलकार र मञ्जुश्री फाइनान्स छन् ।

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

**विज्ञापन दररेट परिवर्तन भएको सूचना**

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ |
| राहदानी | सि.सि.) |

रु. ८००/-

अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस्।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क न. ०७५-५२०६०१




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई